**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०३ अक्तूबर २०२६**
समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

**मुख्य समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीको मासिक रेडियो कार्यक्रम मन की बातले आज 12 वर्ष पुरा गरिरहेको छ।
- मुख्यमन्त्री सुभेन्दु अधिकारीले दुर्गा पूजाको अवसरमा राज्यको जनताको लागि विशेष रासन प्याकेजको घोषणा गर्नु भएको छ।
- दार्जिलिङ हिमालयन रेलवेले आज देखि सुक्ना रेलवे स्टेशनबाट स्टेशन महोत्सव सुरु गरेको छ।
- दार्जिलिङका सांसद राजु विष्टले चिया उद्योगको विकास तथा आधुनिकीकरण र चिया मजदुरहरूको हितको कुरामा जोड दिनु भएको छ।
- पहाडका राजनैतिक दलहरुले बिरपाडा अस्पतालमा नेपाली भाषी महिलामाथि एक चिकित्सकले गरेको अपमानजनक टिप्पणीको निन्दा गरेका छन्।

**मन की बात-12 वर्ष**

प्रधानमंत्री नरेन्द्र मोदीको मासिक रेडियो कार्यक्रम मन की बातले आज 12 वर्ष पुरा गरिरहेको छ। मन की बात कार्यक्रमको पहिलो प्रसारण 2014 मा आजको दिन नै विजयादशमी को अवसर मा भएको थियो। हालै मन की बात को 1 सय 38 औ प्रकरण प्रसारित गरियो। विगत 12 वर्षमा मन की बातले देशभरीमा भइरहेको सकारात्मक परिवर्तनहरुलाई अघि ल्याउन अनि नागरिकहरुलाई भारतको विकास यात्रामा सक्रिय भागेदारीको लागि प्रोत्साहित गर्न एक अनौठो मंच प्रदान गरेको छ। यस मासिक कार्यक्रमको माध्यमबाट प्रधानमंत्रीले देशभरीका यस्ता मानिसहरुकको प्रेरक कथाहरु साझा गर्नुहुन्छ, जसले शिक्षा, स्वास्थ्य, पर्यावरण संरक्षण, नवाचार अनि सामाजिक सेवा सहित विभिन्न क्षेत्रहरुमा परिवर्तन ल्याइरहेका छन्। मन की बातको प्रसारण आकाशवाणी अनि दूरदर्शन नेटवर्कमा गरिन्छ। यो आकाशवाणी समाचारको वेबसाइट अनि न्यूज़ऑनएआईआर मोबाइल ऐपमा पनि उपलब्ध छ। कार्यक्रमको सीधा प्रसारण आकाशवाणी समाचार, दूरदर्शन समाचार, प्रधानमंत्री कार्यालय अनि सूचना तथा प्रसारण मंत्रालयको यूट्यूब चैनलहरुमा पनि गरिन्छ।

**मुख्यमन्त्री रासन**

मुख्यमन्त्री सुभेन्दु अधिकारीले दुर्गा पूजाको अवसरमा राज्यको जनताका लागि विशेष रासन प्याकेजको घोषणा गर्नुभएको छ। मुख्यमन्त्रीले भन्नु भयो यसपल्ट चाडपर्वको समयमा लगभग दुई करोड परिवारलाई सहुलियत दरमा खाद्य सामग्री उपलब्ध गराइनेछ, जबकि अघिल्लो सरकारको पालामा यो सुविधा केवल ५० लाख परिवारमा मात्र सीमित थियो। नयाँ व्यवस्था अन्तर्गत, योग्य परिवारहरूले १९ रुपियाँ प्रति किलोग्रामको दरमा मैदा प्राप्त गर्नेछन् र यसमा राज्य सरकारले १९ रुपियाँ बराबरको सब्सिडी राज्य सरकारले दिनेछ। त्यसैगरी, चिनी ३० रुपियाँ प्रति किलोग्रामका दरले उपलब्ध गराइनेछ र बाँकी ३० रुपियाँको छूट सरकारले दिनेछ। साथै, चाडपर्वको समयमा प्रत्येक परिवारलाई ५०० ग्राम सुजी उपलब्ध गराउने प्रक्रिया पनि अन्तिम चरणमा पुगेको छ।

**मुख्यमन्त्री-नन्दीग्राम**

मुख्यमन्त्री सुभेन्दु अधिकारीले २०२१ को विधानसभा चुनावको क्रममा नन्दीग्राममा पूर्व मुख्यमन्त्री ममता बनर्जीको खुट्टामा चोट लागेको घटनालाई झुटो दाबी बताउनु भएको छ। आज राज्य सचिवालय नबान्नमा आयोजित पत्रकार सम्मेलनमा अस्पतालका कागजातहरू प्रस्तुत गर्दै उहाँले त्यस दिन ममता बनर्जीको खुट्टामा कुनै पनि हड्डी नभाँचिएको दाबी गर्नु भयो। उहाँले यो पनि भन्नु भयो कि निर्वाचन प्रचार प्रसारका क्रममा फैलाइएको यस झुटो प्रचार बारे राज्य सरकारले विस्तृत जांच गर्नेछ र नन्दीग्राम उपचुनाव प्रक्रिया सम्पन्न भएपछि यस सम्बन्धी औपचारिक घोषणा गरिनेछ। बांगुर इन्स्टिच्युट अफ न्यूरोसाइन्सेजको रेडियोडायग्नोसिस विभागबाट जारी ११ मार्च २०२१ को मेडिकल रिपोर्ट देखाउँदै श्री अधिकारिले भन्नु भयो, तत्कालीन

मुख्यमन्त्रीले आफ्नो कथित चोटका सम्बन्धमा नन्दीग्रामको जनताको अपमान गर्नु भएको थियो। मुख्यमंत्रीले बताए अनुसार उक्त मेडिकल कागजातमा हड्डी भाँचिएको कुनै पनि संकेत नदेखिएको कुरा स्पष्ट रूपमा उल्लेख छ। उहाँले भन्नु भयो नन्दीग्राममा हाल आचारसंहिता लागू रहेको छ यो विषय सीआईडी (CID) को दायरामा पनि रहेको छ। त्यसैले, आचारसंहिता हटेपछि सरकारले यस झुटो प्रचारबारे नयाँ जांच प्रक्रिया अघि बढाउने निर्णय गर्नेछ।

## दार्जिलिङ हिमालयन रेलवे

दार्जिलिङ हिमालयन रेलवे (DHR) को सम्पदा, इतिहास तथा पर्यटकीय आकर्षणलाई व्यापक रूपमा प्रवर्द्धन गर्ने उद्देश्यले स्टेशन महोत्सव आज देखि सुक्ना रेलवे स्टेशनबाट सुरु भएको छ। पूर्वोत्तर सीमावर्ती रेलवे (Northeast Frontier Railway) का जेनेरल म्यानेजर चेतन कुमार श्रीवास्तवले आज बिहान सुक्ना रेलवे स्टेशनमा महोत्सवको उद्घाटन गर्नुभयो।

*उहाँले दार्जिलिङ हिमालयन रेलवेको पुरानो समयको रेल तथा यसको लामो इतिहास झल्काउने तस्बिरहरू समेटिएको विशेष फोटो ग्यालरीको पनि उद्घाटन गर्नुभयो। स्टेशनमा रेलवे सेवासँग सम्बन्धित विभिन्न उपकरणहरू पनि प्रदर्शनीमा राखिएका छन्। फोटो ग्यालरी तथा प्रदर्शनीमार्फत पर्यटक, रेलवेप्रेमी तथा इतिहासमा रुचि राख्नेहरूलाई दार्जिलिङ हिमालयन रेलवेका ऐतिहासिक पक्ष तथा यसको विगतबारे जानकारी प्राप्त गर्ने अवसर प्रदान गरिएको छ। सुक्नामा उद्घाटन कार्यक्रमपछि श्री श्रीवास्तव खसाँग तर्फ प्रस्थान गर्नुभयो। उहाँले खसाँगमा एक भ्यू-पोइन्ट तथा रेलवे सुरक्षा बल  को ब्यारेकको उद्घाटन गर्ने कार्यक्रम रहेको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै श्री श्रीवास्तवले दार्जिलिङ हिमालयन रेलवेलाई थप लोकप्रिय बनाउन विभिन्न पहल भइरहेको बताउनुभयो। पर्यटकहरूको आवश्यकतालाई ध्यानमा राख्दै रेलका कोचहरूलाई पुनःव्यवस्थित तथा सुधार गर्ने काम भइरहेको र थप 'जयराइड' सेवा सञ्चालन गर्ने प्रयास भइरहेको उहाँले जानकारी दिनुभयो। दुर्गा पूजाको पर्यटक सिजनलाई ध्यानमा राख्दै दार्जिलिङ हिमालयन रेलवेले १ अक्टोबर देखि थप ६ वटा जयराइड सेवा पनि सञ्चालनमा ल्याएको छ। यसअन्तर्गत दार्जिलिङ–घुमबीच एकतर्फी चारवटा तथा खसाँग–महानदी बीच दुईवटा दुईतर्फी सेवा सञ्चालन भइरहेका छन्।*

## बागडोगरा विमानस्थलमा नयाँ टर्मिनल

उत्तर बंगालमा हवाई सम्पर्कलाई थप सुदृढ बनाउँदै यात्रीहरूलाई थप सुविधा प्रदान गर्ने उद्देश्यले बागडोगरा विमानस्थलमा नयाँ टर्मिनल भवन निर्माण हुने भएको छ। नयाँ टर्मिनल भवन लगभग १०५ एकड क्षेत्रफलमा निर्माण हुने भएको छ। यस टर्मिनलले वार्षिक १ करोडसम्म यात्री व्यवस्थापन गर्न सक्ने क्षमता राख्नेछ। नयाँ टर्मिनलमा यात्री आवागमनलाई सहज बनाउन ६ वटा एरोब्रिज, ५६ वटा चेक–इन काउन्टर, ८ वटा प्रस्थान भेस्टिब्युल, ८ वटा आगमन भेस्टिब्युल तथा ४ वटा ब्यागेज क्यारोसेल रहनेछन्। परियोजना अन्तर्गत १० वटा विमान पार्किङ स्ट्यान्ड तथा बहुस्तरीय कार पार्किङ सुविधा पनि निर्माण गरिने योजना रहेको छ। यो परियोजनाले बागडोगरा विमानस्थललाई उत्तर बंगालको पर्यटन, व्यापार, व्यवसाय तथा क्षेत्रीय विकासको लागि प्रमुख प्रवेशद्वारका रूपमा अझ सुदृढ बनाउन योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

## राजु विष्ट

दार्जिलिङका सांसद राजु विष्टले आज सिलीगुड़ी टी ऑक्शन कमेटीको स्वर्ण जयन्ती समारोहलाई सम्बोधन गर्नु हुँदै दार्जिलिङको चिया उद्योगको विकास तथा आधुनिकीकरण र चिया मजदुरहरूको हितको कुरामा जोड दिनुभयो। उहाँले १९७६ मा स्थापित STAC ले उत्तर बङ्गालको चिया अर्थव्यवस्थालाई आकार दिन महत्त्वपूर्ण भूमिका खेलेको र चिया उत्पादक तथा बजार बीच एक अहम कडीको रूपमा काम गरिरहेको बताउनुभयो। श्री विष्टले चिया केवल एक पेय पदार्थ मात्र नभई दार्जिलिङ पहाडी क्षेत्र, तराई र डुवर्स क्षेत्रका लाखौं मानिसहरूको इतिहास, संस्कृति र जीविकोपार्जनसँग गहिरो रूपमा जोडिएको विषय भएको उल्लेख गर्नुभयो। उहाँले चिया लिलामी प्रणालीको आधुनिकीकरण, प्रविधिको प्रयोगलाई बढावा दिने तथा आन्तरिक र अन्तर्राष्ट्रिय बजारको विस्तार गर्ने आवश्यकतामा जोड दिनुभयो। यस अवसरमा STAC को एउटा एप पनि सार्वजनिक गरियो, जसले खरिदकर्ता र बिक्रेताहरूलाई वास्तविक समयमा सजिलै जोडिन मद्दत गर्नेछ। यस अवसरमा, श्री विष्टले प्रधानमन्त्री चाय श्रमिक प्रोत्साहन योजनाको लागि प्रधानमन्त्री नरेन्द्र मोदी प्रति आभार व्यक्त गर्नुभयो। उहाँले मुख्यमन्त्री सुभेन्दु अधिकारिलाई बन्द चिया बगानहरू पुनः सञ्चालनमा ल्याउन चालिएका कदमहरूको लागि आभार व्यक्त गर्नुभयो।

## बिरपाडा अस्पताल घटना

पहाडका राजनैतिक दलहरुले बिरपाडा अस्पतालमा उपचारको लागि पुगेकी एक नेपाली भाषी महिलामाथि एक चिकित्सकले गरेको अपमानजनक टिप्पणीको निन्दा गरेका छन्। इण्डियन गोर्खा जनशक्ति फ्रण्टका संस्थापक अध्यक्ष अजय एडवर्डसले घटनाको निष्पक्ष छानबिन गर्न माग गरेका छन्। श्री एडवर्डस अनुसार अस्पतालको आपत्कालीन विभागमा कार्यरत

एक डाक्टरले ती महिलासँग कुराकानीका क्रममा नेपाली समुदाय प्रति आप्पतिजनक टिप्पणी गरेका थिए। श्री एडवर्डसले नेपाली भाषी गोर्खा समुदायमाथि यस प्रकारका टिप्पणी दोहोरिन नदिन निर्वाचित जनप्रतिनिधिहरूले गम्भीरतापूर्वक पहल गर्नुपर्ने बताउनु भएको छ। यसैगरि, क्रान्तिकारी मार्क्सवादी कम्युनिस्ट पार्टीका महासचिव नर्बु लामाले घटनाको कठोर शब्दमा प्रतिवाद गर्दै राज्य सरकारले चिकित्सकलाइ तुरुन्तै बर्खास्त गर्ने मांग गरेको छ|

****** ० ******